- प्याट सुब्रिज्की

अधिक जानकारीका लागि

जि.पि.ओ. ८९७५ ई.पि.सि. ७४८, काठमाडौं, नेपाल

Email:

नेपालीका लागिः zeza4@yahoo.com (Zoell)

For English : findsalvation@hotmail.com (Matthew)

Website : www.doveministries.com

म किन खीष्टियन भएँ ?



- प्याट सुब्रिज्की

म किन ख्रीष्टियान भएँ ?

प्राक्कथन

तपाईं किन ख्रीष्टियान हुनुभयो भनेर मलाई प्रायः सोधिएका प्रश्नहरुको जवाफ तलका पृष्ठहरुले दिने...

समर्पण

सँधै मेरो प्रेरणाको श्रोत बन्नुहुने मेरो श्रीमान बिलप्रति

विषय-सूचि

१: शुरुमा १
२: मण्डली जान थालें ५
३: सही मानिस १०
४: पैसाको पछि लागें १४
५: येशूसित भेट १७
६: दिदी बहिनीहरुको सेवाकाइ २३
७: तपाईं नि ? २५

परिचय

हाम्रो मधुमासको निम्ति मबाट नै पैसा सापट माग्ने सँघर्षरत गरिब वकिल सुब्रिज्कीसँग विवाह गरेर मेरो जीवनमा रोलर कोष्टरजस्तै उत्तार-चढाव आउला भनेर मैले कहिलै सोचेको थिइन । त्यस दिनदेखि मेरो जीवन व्यापारिक सफलता, बाल-बालिका पालन-पोषण, वैवाहिक जीवनको उत्तार-चढाव, ख्रीष्टमा परिवर्तन र अन्ततः सार्वजनिक अन्तराष्ट्रिय सेवाकाई समावेश भएको एउटा छाँया भएर गएको छ । यदि कसैले तिम्रो जीवनमा यस्तो-यस्तो हुनेछ भनेर विवाहपूर्व नै भविष्यबाणी गरिदिएको भए म कि हाँस्थे कि रुने थिएँ । मैले कहिले पनि उच्चस्तरको ख्रीष्टियान सेवाकाईको इच्छा गरिन र कहिले पनि सुं-समाचार प्रचारिका हुने इच्छा पनि गरिन । यधपि,मेरो जीवनमा सेवाकाईप्रतिको झुकाव रहेको थियो र धेरै सँख्यामा मानिसहरु प्रभु ख्रीष्टमा बचाइएको मैले देखेको थिएँ । विश्वव्यापी रुपमा दिदी-बहिनीहरुको बीचमा मसिही सत्यता सिकाउन परमेश्वरले मलाई प्रयोग गर्नुहुन्छ भनेर साँचो रुपमा भन्नुपर्दा कहिलै पनि सपना देखिन ।

विगत फर्केर हेर्दा परमेश्वरको बाहुलीले मलाई असँख्य उत्तार-चढावबाट डोऱ्याएर यस्तो स्थानमा लैजानु भयो, जहाँबाट परमेश्वर मलाई त्यस्ता कुराहरुको साथै अन्य भूमिकाहरुमा प्रयोग गर्न सक्षम हुनुभएको छ ।

यो पुस्तिका लेख्नुको उद्देश्यचाहिँ मेरो जीवन र सेवाकाईको क्षेत्रमा परमेश्वरले गर्नु भएको विश्वासयोग्यताको उल्लेख गर्नु हो । र, यसले पाठकहरुलाई परमेश्वरप्रतिको विश्वास र काममा महान यत्न-प्रयत्न गर्नको निम्ति आशा प्रदान गर्दछ ।

अध्याय एक

शुरुमा

मलाई लाग्छ, बाल्यकालको धेरै कुरा गर्नु पर्दैन होला, वास्तवमा यति नै प्रयाप्त छ । हामीले खान पाएका थियौं, माया पाएका थियौं र भन्नुपर्दा लाउन प्रशस्तै पाएका थियौं । यी कुराले मेरो जीवनमा एउटा आधारशिला खडा गरिदियो, जहाँबाट म बिराट संसारमा प्रवेश गरी असल र नैतिक जीवन जिउन सकें । तेह्रजना छोरा-छोरीहरुमध्ये म बीचको थिएँ । मभन्दा माथि छ जना दाजु-दिदीहरु र मभन्दा मुनि छ जना भाइहरु थिए । म बीचको बच्चा भएकोले म दाजु-दिदीहरुजस्तो पनि थिइन नता भाइहरुजस्तो ।

हाम्रो जीवन रेलवे लाइनमा केन्द्रित थियो, जसको लम्बाइ न्यूजिल्याण्डको उत्तरीटापूबाट फैलिएको थियो । मेरो बुवाले रेलवेमा सामान्य मजदूरको रुपमा काम गर्नुभया र उहाँ स्टेशनको हाकिमसम्म हुनुभयो । बुवाको रुपमा उहाँलाई हेर्दा उहाँ अलिक कठोर हुनुहुन्थ्यो । उहाँ विरलै मुस्कुराउनु हुन्थ्यो, विरलै हाँस्नुहुन्थ्यो र उहाँ आज्ञाकारितामा विश्वास राख्नुहुन्थ्यो –उहाँको निम्ति आज्ञापालन छिनभरमै पालन भइहाल्नु पर्दथ्यो । आज्ञापालन नगर्नेहरुले छालाको पेटीले कठोर सजाय पाउनेछ भनेर सबैलाई थाहा भइहाल्थ्यो । कोहिबेला बुवा साहै रिसाउनु हुन्थ्यो । बुवाको आक्रमणबाट जोगाउने प्रयासमा मेरो आमा, बुवा र आज्ञा उल्लँघन गर्ने बच्चाहरुको बीचमा ठिङ्गै खडा हुनुहुन्थ्यो ।

मैलेभन्दा पनि मेरा दशजना दाज्यु-भाइहरुले बुवाको यस्तो स्वभावलाई महसुस गरेका थिए । यथार्थमा भन्नुपर्दा, मलाई एकचोटिको पिटाइको याद छ, तर त्यो साँच्चिकै स्मरणीय पनि छ । अनुशासनमा राख्नुअघि खास कारणविना नै मलाई खाटमुनिबाट तानेर निकालिइएको थियो । उहाँ कठोर स्वभावको हुनु भए तापनि उहाँ एउटा असल व्यक्ति हुनुहुन्थ्यो । उहाँले हामीलाई माया गर्नुहुन्थ्यो र हाम्रो खातिर उहाँको स्तरअनुसारको माग हामीबाट

गर्नुहुन्थ्यो । परिवार चलाउनको निम्ति उहाँले शुरुका दिनहरुमा धेरै सँघर्ष गर्दै कठिन परिश्रम गर्नुभयो । उहाँले विहान-बेलुकी गाई दुहुनु हुन्थ्यो । त्यसपछि दिउँसोको कार्य रेलवेमा गर्नुहुन्थ्यो । उहाँ आफ्नो परिवारको निम्ति एकदमै असल काम गर्नुहुन्थ्यो, परिवारको निम्ति चाहिएको कुरा प्रबन्ध गर्नुहुन्थ्यो साथै उहाँले परिवारमा विचलन आउन दिनुहुन्थ्यो । मेरा भावी जीवनमा महत्वपूर्ण हुने उहाँका आफ्ना स्वभावहरु मभित्र हालिदिनु भएको थियो, विशेषगरी सिकाइ र सफलताको निम्ति धैर्य र दृढ-सङ्कल्प ।

मेरी आमा पनि कडा परिश्रमी हुनुहुन्थ्यो । ती दिनहरुमा बच्चाहरुको स्याँहार-सुसार गर्दै, उनीहरुको खाना तयार पार्दै नै पन्ध्र बर्ष बित्यो, उहाँले अरु केही गर्नु नै पाउनु भएन । उहाँको निम्ति बालबच्चा स्याहार-सुसार गर्नु नै पूर्णकालीन जागिर भएको थियो, भनौं अझ त्योभन्दा पनि बढी । उहाँ अतिनै व्यस्त भएको कारण लखतरान भएर उहाँ प्रायः ओछ्यानमा नै पुर्लुक्क पल्टिहाल्नु हुन्थ्यो । विगतमा फर्केर कहिलै नहेर्नु तर जहिले पनि अगाडि हेर्नु र युवा पुस्ताहरुसँग संचार गर्न सक्षम हुनु भनेर मेरो आमाले मलाई सिकाउनु भएको एउटा एकदमै मुल्यवान कुरा थियो ।

बच्चाहरु हुर्केपछि उनीहरुले घरका काम सघाऊन् भन्ने अपेक्षा राखिएको थियो । छोराहरुलेचाहिँ दिन र रातमा दूध दुहुन र अन्य केटा मानिसहरुले गर्ने काम गरेर बुवालाई सघाउँथे भने छोरीहरुले भने आमाको काममा सघाउनु भनेर अह्राइएको थियो । विद्यालय जाने समय नहुन्जेलसम्म मैले धेरै पटक आमालाई लुगा धुने र मही बनाउने काम सघाउनु पर्दथ्यो । परिवारभित्र निसन्देह प्रेम भए तापनि वाह्यरुपमा स्नेहचाहिँ प्रकट हुँदैन थियो । हामीसँग नता कुनै खेलौनाहरु थिए, नता कुनै पुस्तकहरु नै थिए । हाम्रो वरिपरि जे हुन्थ्यो, त्यसको खेलौना बनाएर खेल्ने गर्दथ्यौं भने केटाहरुचाहिँ झुम्रोको फुटबल बनाएर पछाडि पट्टिको सानो खेतमा खेल्थे । मसँग भने एउटा

गुडिया थियो । हामीहरु खीष्टमस बाजेले उपहार दिएको नक्कल गरेर खेल्ने गर्दथ्यौं । चिनिया माटोले बनेको गुडियालाई मैले जतनसाथ कपडाले राम्ररी बेहेर राखेको थिएँ । त्यो गुडिया मेरी आमाले मलाई खीष्टमसको उपाहारस्वरुप किनिदिनुभएको थियो । तर त्यसलाई एउटा केटाले कुनै परवाह नै नगरी भूँईमा फ्याँकिदियो र त्यो धूलोपीठो भएर फुट्यो । गुडिया फुटाउने केटाले अर्को गुडिया त ल्याइदियो तर त्यो पहिलाको जस्तो थिएन । मेरो सुत्ने ओछ्यानमा अझै पनि त्यो सुन्दर गुडिया भएको भए हुन्थ्यो भनेर म इच्छा गरिरहन्छु ।

हाम्रो बुवाले बनाउनु भएको पहिलो घर चारवटा पर्खालले घेरिएको अलकत्रे त्रिपालको छाना भएको थियो । हामी पछि ठूलो घरमा सर्‍यौं । हुर्कंदै गरेका बाल-बच्चाहरुको निम्ति सुत्न चारवटा कोठाहरु चाहिन्थ्यो तर हामी सबैजना एउटै विस्तरामा सुत्ने गर्दथ्यौं । मेरो बुवाले पन्ध्रजना अट्ने डाइनिङ टेबल बनाउनु भयो । त्यो कहिले पनि त्यहाँबाट हटाउन नसकिने थियो ।

मेरो सुत्ने कोठाको भित्तामा लेखिएको बचनका शब्दहरु मैले कहिलै भुल्न सकेको छैन *:" दुःखको बेलामा दाजु-भाइहरु भन्दा पनि मित्र नजिक हुन्छ ।"* मेरो बाल्यकाल र त्यसपछि पनि त्यो भनाइले मेरो जीवनमा स्वभाविक रुपमा प्रभाव पारिरहृयो किनभने मेरो जीवनको हरेक अवस्थामा विशेष मित्रहरु थिए, चाहे त्यो प्राथमिक तहमा वा माध्यमिक तहमा वा जीवन निर्वाह गर्ने क्षेत्रमा वा वैवाहिक जीवनमा होस् । त्यो बचनको शब्दहरुले भन्न खोजेको कुरा मैले जीवनमा धेरै पछि मात्र बुझें ।

सन १९३९ मा हाम्रो पृथक र साधारण जीवनलाई पनि विश्व घट्नाहरुले प्रभाव पारेको थियो । मेरा दुईजना दाज्युहरु ज्याक र रोन दाश्रो विश्वयुद्धमा जानुभयो, जसले गर्दा हाम्रो सँधै एकसाथ रहेका संयुक्त (घनिष्ठ) परिवारलाई छुटायो । हाम्रो ती दुई दाज्युहरु त युद्धमा बाँचे तर युद्ध-अवधिमा हाम्रो परिवार दुःखदायी अवस्थाबाट भएर गुज्रनु पर्‍यो । त्यो थियो अर्को दाज्यु गोर्डन मोटरसाइकल दुर्घटनामा परेर बित्नुभयो । उहाँ

त्यसबेला २० बर्षको मात्र हुनुहुन्थ्यो । आधुनिक औषधिहरु तथा प्रविधिहरुबाट उहाँ संभवतः बाँच्न सक्नुहुन्थ्यो होला । तर ती समयमा त्यहाँ त्यस्तो प्रकारको कुनै पनि सुविधाहरु थिएन । र तीन दिनपछि उहाँ बित्नुभयो । मेरो एकदमै नजिकको कोही ब्यक्ति गुमेको मेरो जीवनको त्यो पहिलो अनुभव थियो । वसन्तका फूलहरुको सुगन्धले मलाई अझ पनि अन्तिम सँस्कारको याद दिलाइरहन्छ ।

हामीले आफ्नो दुःख-पीडा आफै भित्र सिमित राख्यौं, ती दिनहरुमा र खासगरी हाम्रो परिवारमा त्यस्ता कुराहरु बाहिरी शब्दहरुले ब्यक्त गर्न सकिन्न थियो । तर हामी घायल भएका थियौं, युद्धमा आफ्ना छोराहरु गुमाएका हामीले चिनेका मानिसहरु झैं हामी पनि नमिठो गरी घायल भएका थियौं । कहिले-काहिँ मेरो आमा गोर्डनलाई गुमाउनु परेको पीरमा गोर्डनको कपडा भएको ठाउँमा जानुहुन्थ्यो र कपडाहरु सुम्सुम्याउनु हुन्थ्यो । तर हाम्रो जीवन सामान्यतया चलिरहेकै थियो ।

हाम्रो दोश्रो दुःखको अनुभव चाहिँ एकदमै फरक थियो तर पनि त्यो दुःख पहिलेको जतिकै हृदय-विदारक थियो । गर्मीको मौसम थियो, हामी खोलामा पौडी खेलिरहेका थियौं । त्यो नदी हाम्रो जमीनबाट भएर बग्दथ्यो । धुँवाको गन्धले हो कि वा आमाको चिच्याहटले हामीलाई सतर्क गरायो मलाई त्यति निश्चित भएन तर हामी भने ढिस्कोमाथि चढ्यौं किनभने हाम्रो घरमा आगो लागेको थियो । ताबाको सानो झिल्काबाट आगो लागेको थियो । एकछिनमै घर जलेर स्वाहाभएर गयो । आमाले सुतिरहेको भाइलाई ओछ्यानबाट तानेर निकाल्न र भित्ताका केही फोटोहरुलाई उप्काउन मात्रसमय पाउनुभयो । त्यसपछि उहाँ हतार-हतार गरेर घरबाहिर निस्कनुभयो ।

घर जलिरहेको दृश्य हेर्नु एकदमै भयावह अनुभव थियो । त्यो बेलाका सम्झना र त्रासले मेरो मस्तिष्क भरिएको थियो । त्यो कुराले मलाई आकुल-व्याकुल बनाउन खोज्दथ्यो । म असल र खराब समय दुवै भएर जानुपर्‍यो । मलाई के होला भन्ने डरलाग्दो र आङै सिरिङ्ग पार्ने

त्रासले मेरो जीवनमा अधिकार जमाएको थियो । एक रात हामी एकजना छिमेकीको घरमा भेला भएका थियौं र हामीले बच्चाहरुलाई छुट्टयाएर भिन्दाभिन्दै घरमा उनीहरुलाई पठायौं । ती नगरबासीहरुले हामीलाई खाने कुरा र कपडाको बाकसहरु पठाएर अचम्मलाग्दो गरी सहायता गरे । बुवाको सानो जीवन विमाको प्रमाण पत्र थियो र त्यसैबाट केही फर्निचरहरु र अत्यावश्यक कुराहरु लियौं । तर त्यो विनाशकारी प्रहारबाट हामी निको हुनु पर्दथ्यो ।

त्यति समय नबित्दै मेरो बुवाले अर्को शहरमा नयाँ काम पाउनुभयो । हामी ती घट्नाहरुका संझना र विगतका कुराहरु भुलेर एउटा नयाँ परिवेशमा पुनःस्थापित हुनथाल्यौं । हामी नजिकैबाट भएर ट्रेन जाँदा हरेक रात जमीन कम्पन हुने गर्दथ्यो र बत्तीले मेरो ओछ्यान नै उज्यालो बनाउने गर्दथ्यो । त्यसबेला हाम्रो घरमा आगो लागेछ कि क्या हो भनेर म भयभित भएर ब्यूँझने गर्दथें ।

अध्याय दुई
मण्डलीमा जान थालें

म जन्मेको समयदेखि नै परमेश्वरको बाहुली ममाथि थियो भन्ने कुरामा कुनै दुई मत छैन । म सानो हुँदाको बेलामा मण्डली जाने, बाइबल पढ्ने र प्रार्थना गर्ने कुरामा त्यति उत्साह पाइँदैन थियो तर म भने स्वभाविकरुपमा त्यस्ता गतिविधिहरुमा आकर्षित हुने गर्दथें । मेरो परिवारमा त्यस्तो चाहना राख्ने ब्यक्ति सायद म मात्र थिएँ होला । मेरो बुवा मण्डली पृष्ठभूमिबाट आउनुभएको र उहाँलाई बाइबलको बारेमा राम्रो ज्ञान भएता पनि कहिले मण्डली जानुहुन्न थियो । मैले कर गरें भने वा मण्डलीमा विशेष कार्यक्रम भए मात्र मेरी आमा पनि मण्डली जाने गर्नुहुन्थ्यो । तर म हरेक हप्ता विश्वासयोग्य भएर मण्डली जाने गर्दथें, म मेरा दाज्युहरु र दिदी-बहिनीहरु लगायत विश्वासी भएका थियौं । हामीहरु झुण्डमा स्वीकृत भएका थियौं किनभने हामी धेरैजना थियौं । बाल-बच्चाहरु, बाह्र-तेह्र बर्षको भएपछि धेरैजसो परिवारहरुले आफ्ना बाल-बच्चाहरु विश्वासी भएको कुरा पक्का गर्दथे किनभने त्यसो गर्नु सबैको निम्ति स्वभाविक नै भइसकेको थियो ।

मण्डलीप्रतिको मेरो अठोट चाहिँ त्योभन्दा पनि अझ अगाडि बढ्नु थियो । मैले यो काम गर्नुपर्छ भनेर हृदयबाट नै मलाई विश्वास भएकोले म पक्कारुपमा विश्वासी भएको थिएँ । मैले पत्राचारबाट बाइबल कक्षाहरु पनि लिएँ किनभने मलाई सिकाउन सक्ने त्यसबेला नजिकै कोही पनि थिएनन् ।

मभित्र सँधै ख्रीष्टियान कुराहरु प्रति स्वभाविक आकर्षण रहेको हुन्थ्यो र मलाई परमेश्वरको बारेमा धेरै जान्न र उहाँ स्वयमलाई चिन्ने चाहना हुन्थ्यो ।

सम्झेर ल्याउँदा यस्तो अपत्यारिलो लाग्छ । मेरो भक्तिपूर्ण र समर्पित प्रतिवद्धताको बावजुद पनि मलाई कसैले तिमीले प्रभु येशूलाई आफ्नो प्रभु भनेर चिन्यौ त भनेर एकपल्ट पनि सोधेनन् । यदि मलाई कसैले सोधेको भए मैले "अँह" भनेर उत्तर दिन्थें । तर मलाई प्रभु

येशूलाई चिन्नु त्यति महत्वपूर्ण लागेन किनभने असल केटी बन्नु र मण्डली नियमित रुपमा जानु नै मलाई मुख्य कुराजस्तो लाग्दथ्यो । म प्रार्थना गर्थें तर परमेश्वरले उत्तर दिनुहुन्छ भन्ने वास्तविकता र यथार्थमा कुनै पनि आशा थिएन । व्यक्तिगत रुपमा परमेश्वरले साँच्चै प्रार्थनाको उत्तर दिनुहुन्छ भनेर मैले बर्षौं पहिले नै बुझ्नु पर्दथ्यो । त्यस्तो महत्वपूर्ण कुरा नबुझे तापनि मण्डली प्रतिको मेरो उत्साहमा तुँवालो लागेन ।

म किशोरी अवस्थामा पुगेको समयमा मेरो बुवाले मेरा दाजुहरुलाई स्थानिय ठीक र बेठीक बीचको भिन्नताहरु बुझ्न सकोस् भनेर स्थानिय मण्डलीमा जाऊ भनेर आदेश दिनुभयो । उहाँको त्यो निर्णयलाई जोड दिने कामचाहिँ मेरो थियो ।

म र आमा मिलेर छ जनाको हात-खुट्टा र अनुहार धोइदिन्थ्यौं र उनीहरुको कपाल कोरिदिन्थ्यौं । भाइहरुले पदहरु कण्ठस्थ पार्न सकेको छ कि छैन भनेर हेर्ने काम मेरो हुन्थ्यो । त्यसपछि, हामी सबैजना लुरु-लुरु विहानको सँगतिमा जाने गर्दथ्यौं । दिउँसोको समयमा म अन्य बाल-बालिकाहरुलाई भेला पार्थें र तिनीहरुलाई स्थानिय मण्डलीमा लैजाने गर्दथें । मेरो एकजना भाइले म सँधै मण्डलीमा भएको कुराको अझ पनि याद गर्दछ । मैले अधिकांश बाल-बालिकाहरुलाई मण्डलीमा लगेको कारणले पुरस्कार पनि पाएँ । परमेश्वरले सुसमाचारको निम्ति मेरो जीवनमा बोलावट दिनुभएको कुराको त्यो प्रारंभिक संकेत थियो भनेर मैले कहिले महसुस गरिन । म समर्पित भए तापनि मेरो जीवनमा शुन्यताको आभास भने भइनै रह्यो । म आफैले खीष्टमा नयाँ जीवनको अझपनि निश्चयता पाएको थिइन ।

विशेषगरी, प्रभुभोजमा सहभागी हुनुचाहिँ मेरो निम्ति महत्वपूर्ण कुरा हुने गर्दथ्यो । म विश्वासी भएको प्रमाणित भएपछि मैले पनि अन्य ठूला मानिसहरु सरह रोटी र कचौरामा सहभागी हुने अनुमति पाएँ अनि परमेश्वरको बारेमा साथै मेरो जीवनलाई विचलित पार्ने कुराको बारेमा मनन गर्ने अवसर पाएकोमा म रोमाञ्चित हुन्थें । त्यो समय मेरो निम्ति विशेष समय हुन्थ्यो, केवल परमेश्वरसँग समय बिताउने समय र त्यस्तो समयलाई

कहिल्यै पनि चुकाइन । त्यहाँबाट म बाइबल शिक्षा दिन जाने गर्दथें, जहाँबाट मैले बाइबल शिक्षा पाएको थिएँ । हरेक हप्ता कक्षामा जानुअघि नै मैले पढाउने सामाग्रीहरु तयार पार्नु पर्दथ्यो । म स्वयं गृहकार्यमा लागि पर्थें, अन्ततः म निकै बाइबल जान्ने भएँ । यधपि, मैले येशू प्रभुलाई व्यक्तिगत रुपमा चिनेको थिइन ।

माध्यमिक विद्यालयमा अध्ययन गर्ने म मेरो परिवारको पहिलो व्यक्ति हुँ । अन्य मेरो दाज्यु-भाइ तथा दिदी-बहिनीहरुले कामको खोजीमा प्राथमिक तहमै आफ्नो अध्ययन छोडे । तर म सिक्नलाई दृढ इच्छा राख्ने र आफैंलाई अघि बढाउन चाहना राख्ने व्यक्ति थिएँ । मलाई लाग्छ त्यस्तो गुण मेरो बुवाबाटै मैले पाएको हुनुपर्छ किनभने मेरो बुवाको शिक्षा कम भए तापनि उहाँ सँधै उत्तम कुराको निम्ति अघि बढ्न प्रयास गरिरहनु हुन्थ्यो । एकपल्टको कुरा हो मैले बुवालाई अर्को साल त मलाई अर्कै विद्यालयमा बस्न दिनुहोस् भनें र उहाँले सहर्षरुपमा मलाई हुन्छ भन्नुभयो तर त्यसमा धेरै आर्थिक भार वहन गर्नपर्दथ्यो ।

हामीसँग घरमा बाल-पुस्तकहरु केही पनि थिएनन् । बाल-पुस्तकहरु नहुनु मेरो निम्ति शुरुको बर्षहरुमा दुर्भाग्य नै भयो किनभने म अन्य बाल-बालिकाहरु सरह पढ्न सक्दिन थिएँ । विद्यालय मेरो निम्ति सँधै चुनौती बनिरह्यो । बाल-पुस्तकहरु नभएर कतिजना त निरुत्साही भए होलान् र कतिजनाले अध्ययन नै स्थगित गरे होलान् तर म भने अगाडि बढिरहें । जेहेन्दार विद्यार्थीहरु र राम्ररी पढेर आएका सहपाठीहरु बीचमा आफूलाई हीनताबोधले कहिलेकाहिँ त गाह्रो पार्दथ्यो तर मेरो बुवाको प्रतिस्पर्धात्मक व्यक्तित्व मेरो सामुन्ने आउने हुनाले मलाई सफलताको निम्ति दृढ-संकल्पी बनाउँथ्यो । मैले मूलतः बाणिज्य विषयहरु छाने र पछि त्यसमा निकै राम्रो पनि गरें साथै मैले हिसाब-किताब राख्ने, टाइपिङ र संकेत लिपिमा राम्रो गरेकोले पुरस्कृत पनि भएँ ।

मैले हाशिल गरेको शिक्षा मेरो निम्ति देशबाहिर जाने मौका साबित भयो किनभने यसले सचिव-पेशाको पूर्वाधार खडा गरिदिई सकेको थियो । त्यस समयमा दोश्रो विश्वयुद्ध चलिरहेकै थियो । युद्धको निम्ति पुरुष मित्रलाई हटाइएको खाली ठाउँमा मैले वेलिङ्गटन राजधानीमा जागिर पाएँ । ६ हप्ताको टेलिग्राफिष्टको रुपमा तालिम गरेर म टेलिग्राम विभागमा काम गर्न गएँ, जहाँ साँकेतेक खबरहरु समावेश गरिएका हुन्थे ।

म सत्र बर्षे किशोरी नै थिएँ, शहरी जीवनप्रति नौलो र सोझो स्वभावको थिएँ । तर वेलिङ्गटन शहरको मनोरञ्जन र आनन्ददायक कुरामा चाँडै भिज्ने संभावना देखें । शुरुमा होस्टेलमा बसें । त्यसपछि मेरी ठूली दिदी अन्नासँग घरको फ्ल्याटमा बस्न थालें । हामीहरु बच्चा जस्तै घनिष्ठ थिएनौं तर ठूलो शहरमा बस्नुपरेकोले हामी अभिन्न भएर बसेका थियौं ।

वेलिङ्गटन शहरको मुख्य आकर्षण नै अमेरिकन सैनिकहरु थिए, किनभने उनीहरु प्रायः समुद्रपार सैन्यदलमा काम गर्ने हाम्रै मानिसहरु थिए । अमेरिकन पानी जहाजहरु बन्दरगाहमा आउँदै गरेको मेरो कार्यालयको झ्यालबाट देखिन्थ्यो, अनि अन्ना र म नाच्न जाने, पानी जहाजबाट झरेका समुद्र किनारमा भेला भएका पुरुषहरुसँग कुरा गर्न जाने मौका पाउँथ्यौं ।

हामी त्यति साह्रो बहुलट्टीचाहिँ थिएनौं । हामी रक्सी पिउँदैन थियौं, हामी धुम्रपान पनि गर्दैन थियौं । मसँग जुन पुरुषले विवाह गर्छ, उसको निम्ति भनेर मैले आफ्नो शरीर सुरक्षित राख्न दृढ भएर बसें । त्यस समयमा यौन सम्बन्धका दवावहरु त्यति साह्रो हुँदैन थियो र यदि कुनै मानिसले खुलेर त्यस्तो कुरो गरिहाल्यो भने म खीष्टियान हुँ भन्ने बारेमा बताउन कतिपनि हिच्किचाउदिन थिएँ ।

हामी रमाइलो गर्न, कुरा गर्न र नाच्न पाए साह्रै रमाउँथ्यौं । तथापि, म केटा साथीहरुसँग भने अलिक कडा व्यवहार गर्थें । दीर्घकालिन सम्बन्धको निम्ति कसैले अनुचित रुचि देखायो भने उनीहरुलाई म छोडिदिन्थे र अर्कोतिर जान्थे । दयालु बन्नको खातिर त्यो समय निर्दय बन्ने अवस्था थियो । म त्यसबेला रमाइलो मात्र गर्दथें तर त्यसमा दिलोज्यानले लागेको भने थिइन ।

12 *म किन खीष्टियान भएँ ?*

समय बित्दैजाँदा मैले विवाह गर्न खोजेका पुरुषमा मैंले के के चाहेको हो, सो कुराको बारेमा म अझ अत्याधिक सजग हुँदै गइरहेको थिएँ । र, ती मध्येमा मेरो एउटा प्राथमिकता चाहिँ पैसा पनि थियो । मेरी आमाले भोग्नुपरेको दुःखजस्तै म पनि जीवनभरि दुःख भोगेर जिउने ममा इच्छा थिएन । मैले चाहेको कुरा जुटाउन सक्ने पुरुष म चाहन्थें । यथार्थमा, मैले एउटा केटासाथीलाई छोडिदिएँ किनभने उ सामान्य किराना पसले हुन चाहन्थ्यो र उसको कुरा मलाई त्यति फाइदाजनक लागेन ।

वेलिङ्गटनको चारबर्षे बसाइपछि मलाई मेरो कार्यालयले एक महिनाको लागि अकल्याण्ड शहरमा सरुवा गरिदियो । म त्यहाँ पुगेपछि मलाई लाग्यो त्यहाँबाट फर्केर जाँदिन । अकल्याण्ड शहर निकै आत्मिक लाग्यो र त्यस समयमा मेरा चारजना दाजुभाइहरु त्यहाँ बसिरहनुभएको थियो । छोटो समयमा नै मैले चारवटा कामहरु बद्लें । दिदी अन्ना पनि त्यतै बस्न आउनु भएको थियो अनि म नौलो ठाउँमा चयनसँग बसोबास गर्न थालें ।

मेरा दाज्यु-भाइहरु बसिरहनु भएको नजिकैको घरमा हामी पनि सर्यौं र उनीहरुलाई भाँडाकुँडा धुन, खाना पकाइदिन र सरसफाइमा सघाउन थाल्यौं । केही बर्षमा नै मेरो बुवा पनि अकल्याण्डमा सरुवा भएर आउनुभयो र हाम्रा परिवारहरु फेरि एकैठाउँमा भेला हुन थाल्यौं ।

अध्याय ३
सही मानिस

म उन्नाईस-बिस बर्षको हुँदा मलाई विवाह गर्ने कुरामा त्यति साहो चासो थिएन । तर मलाई त्यति कुराचाहिँ थाहा थियो-म एकदिन श्रीमति अनि आमा बन्नेछु । म बिभिन्न प्रकारका मानिसहरुसँग हिँड्डुल गर्थें, म जहिलेपनि '**सही मानिस** को छ भनेर नजर राख्थें । त्यस्ता पुरुषको लागि मैले बिभिन्न प्रकारको मापदण्डहरु बनाएको थिएँ । मैले चाहेको पुरुष कमसेकम मेरो बुवाजस्तो ज्ञान भएको हुनुपर्दथ्यो । पैसा भएको वा पैसा कमाउन सक्ने क्षमता भएको मानिस हुनुपर्दथ्यो । हँस्यौली गरेर भन्नुपर्दा, प्रेम त्यति साहो महत्वपूर्ण थिएन । त्यस पछाडि के हुन्छ भनेर मलाई केही पनि थाहा थिएन । मलाई मैले चाहेको जस्तो जोडी जुराइदिनुहोस् भनेर परमेश्वरसँग प्रार्थना गर्न र भरोसा गर्नमात्र सक्थें । मण्डलीमा सक्रिय र निरन्तर रुपमा लागिरहेको बेलामा पनि हाम्रो व्यक्तिगत प्रार्थना सुनेर उत्तर दिने परमेश्वरलाई मैलें अझै अँगाल्न सकेको थिइन । मसँग सरोकार राख्ने कुराहरुको निम्ति कहिले काहिँ प्रार्थना गर्दथें, तर परमेश्वरले उत्तर दिनुहुन्छ भनेर साँचो रुपमा कहिल्यै पनि आशा राखेकी थिइन । म त्यस्तो अज्ञानतामा रहे तापनि सबै कुरा त परमेश्वरमा नै थियो । उहाँले भविष्य जान्नुहुन्थ्यो । मेरो जीवनमा के हुनलागिरहेछ भनेर परमेश्वरलाई थाहा थियो र उहाँले मेरो श्रीमान हुनको निम्ति सही व्यक्ति दिनुभयो ।

मेरो भेट बिल सुब्रिस्कीसँग असामान्य पाराले, भनौं एक विद्रोही प्रकारले भयो । म रग्बी खेल्ने क्याथोलिक **डेस** नाम गरेको मानिससँग घुम-घाम गर्न गइरहन्थें । उसँग एकदिन सानो-तिनो झगडा भएपछि आफूलाई तिरस्कृत र उदास अनुभव गर्दै नाच हेर्न एक्लै गएँ र त्यस बेलामा एकजना सुन्दर जवानले मलाई नाच्न निम्तो दिए । ओहो, मलाई नाच्न साह्रै मनपर्थ्यो र उ पनि एकदमै राम्रोसँग नाच्दथ्यो । मेरो रणनीतिले बिललाई पाउन होइन तर डेसतिर फर्कन भने मेरो निम्ति काम गऱ्यो । मैले मधूरतासँग सोधें, "मलाई बल खेल्न लैजाउनु हुन्छ ?" "हामी दुवैजनाको निम्ति म आफैं तिरौंला नि ।" त्यस पछि मेरो अग्रसरतामा नै मिति तय गऱ्यौं, अनि हाम्रो सम्बन्धको शुरुवात भयो । मैले पनि

आफ्नो लक्ष्य बनाएँ । मैले आकर्षक पहिरन लगाएँ अनि रातभर सँगै नाच्यौं । डेस पनि त्यहाँ आएको थियो ।

बिल र मेरो धेरै कुराहरु मिल्थ्यो, हामी दुवैजना गरिब पृष्ठभूमिबाट आएका थियौं र हामी दुवैजनासँग नै पैसा कमाउने धोको थियो । उनी गंभिर, शिक्षित र ज्ञानी मानिस थिए । हाम्रो जोडी मिल्ने खालको देखिन्थ्यो ।

हाम्रो प्रणय सँधै त्यति रोमाञ्चकारी हुँदैन थियो । बिल वकिल हुन खुब मेहनतसँग अध्ययन गरिरहेका थिए र उनले जुन कुरामा मन लगाउँथे, त्यसबाट उनी कतिपनि टसकोमस हुँदैन थिए । परिणामस्वरुप, हामी शनिबार र आइतबारका रातहरुमा मात्र घुम-घामको निम्ति जाने गर्दथ्यौं । हामीले एक-आपसमा भेटघाट गरिरहेको तीन महिना बितिसकेको समय बिचार गर्दा मलाई अचम्म लागेको कुरा अझै पनि याद आउँछ किनभने कुनै पनि पुरुषसँग म दुई महिना भन्दा बढी समय बिताउँदिन थिएँ, तर यसपाली एक बर्ष पनि बित्यो । मलाई लाग्यो हाम्रो सम्बन्ध प्रगाढ भइसकेको थियो तर विस्तारै सम्बन्ध विकास हुँदैजावोस् भन्ने कुरामै म संतुष्ट थिएँ किनभने बिलले आफ्नो अध्ययन पूरा गरुन् भनेर केही समयको निम्ति पर्खनु परेको थियो ।

दुई बर्षपछि म कहाँ जाँदैछु भनेर निश्चित गर्न मैले निर्णय गरें । कुनै पनि कुरा कहिल्यै हुन आउँदैन भने त्यसको निम्ति पर्खेर मेरो जीवन त्यतिकै बर्बाद पार्न चाहन्न थिएँ । त्यसकारण, बिल तिमीले मलाई छ महिनाभित्रमा विवाह गर कि त विदाइ गर भनेर मैले उसलाई एउटा अन्तिम कुरो भनिदिएँ । त्यति समय नबित्दै मैले मगनीको औंठी लाएँ ।

विवाहको तयारी नाटकीय ढङ्गले शुरु भयो, त्यो महान दिन आउनुभन्दा करिब एकमहिना अघि मैले मनोवैज्ञानिक समस्या भोगें । एक रातको कुरा म निद्राबाट बिउँझे अनि म मर्दैछु भन्ने अनुभूति मभित्र भइरह्यो र स्वर्गदूतले "येशूको काखमा सुरक्षा छ" भन्ने गीत सुन्नथालें । विवाहको तयारी र कामको चापले मेरो स्नायू प्रणालीमा प्रभाव पारिरहेको थियो र शारिरीक रुपमा पनि शिथिल हुँदै गइरहेको थिएँ । मैले कानूनी लेखन्दासको काम छोड्नुपऱ्यो (मैले कुनै दिन सघाउन सकूँला भनेर यो जागिर शुरु गरेको थिएँ ।) म किनमेल गर्न जान्थें तर भवनले मलाई थिच्दै छ जस्तो अनुभूति भएको कारण म त्यहाँबाट भाग्ने गर्दथें । म

रातको समयमा डरले थर-थर काम्थें । मेरो विवाहको दिनमा पनि मेरो जीवनभरिको सुन्दर व्यक्तिले मलाई केही क्षणको निम्ति भने पनि विवाह समारोहबाट बाहिर लैजानु पर्नेभयो ताकि आराम गर्दै आफैंलाई सम्हाल्न सकूँ । म तुरुन्तै निको भइन तर महिनौं अनि बर्षौं बित्दै जाँदा समस्याको चाप कम हुँदैगयो र त्यस्तो प्रकारका लक्षणहरु लगातार कम देखिन थाल्यो । बिल र म त्यस समस्याको आक्रमण ठम्याउनमा निपुण भइसकेका थियौं, विशेषगरी समस्या छाती र श्वास-प्रश्वासमा हुने गर्दथ्यो । त्यस्तो खालको लक्षणहरु देखा पर्दाखेरि हामी त्यसलाई सामान्य रुपमा लिने गर्दथ्यौं । त्यस्तो मानसिक त्रासले विवाहका केही रोमाञ्चलाई खल्लो बनाइदियो ।

केटी मान्छेको जीवनमा विवाह भनेको सबैभन्दा महान दिन हो भन्ने मलाई लाग्दछ तर मनोवैज्ञानिक समस्या र त्यसको निरन्तर प्रभावको कारण मलाई आफ्नो विवाहको अधिकांश कुराहरु याद छैन । भब्य विवाह समारोह नभए पनि बालसँगतिका बाल-बालिकाहरुले सगींत झुण्डमा गाएको गीतले मेरा गहमा आँसु टिलपिलाएको अनि त्यो क्षण रमाइलो भएको अझ पनि मेरो मानसपटलमा ताजै छ ।

हाम्रो विवाहको शुरुका दिनहरु खुसी र भरपूर नै थिए । शुरुका दिनमा हामी बिलका बाबु-आमासँग बस्यौं । उहाँहरुले हाम्रो निम्ति भनेर केही कोठाहरु चिटिक्क बनाइदिनु भएको थियो । त्यो कुरा हाम्रो निम्ति ठूलो सहायता थियो । बिल आफ्नो कानूनी पेशामा स्थापित हुने प्रयासरत भइरहेको बखतमा हामी आर्थिक रुपले संघर्ष गरिरहेका थियौं ।

सासु-ससुरासँग बस्नु मेरो निम्ति सहज भने थिएन । उहाँहरु असल जीवन जिउने मानिसहरु हुनुहुन्थ्यो तर उहाँहरुसँग हाम्रो जीवनशैली भने मिल्दैन थियो । त्यस घरमा न रेडियो थियो न नाचगान नै हुन्थ्यो । हामी दुवैजनालाई रेडियो सुन्न र नाचगान गर्न मन पर्दथ्यो । ती कुराहरु नहुँदा रीस उठेर आउँथ्यो ।

बिलको आमा-बुबाले मलाई वास्तवमा मन पराउनु हुन्नथ्यो । साँचोरुपमा भन्नुपर्दा बिलको बुवा-आमाले उनको निम्ति हुनेवाला श्रीमति डोरोथी नाम गरेकी केटी हेरेका थिए र मेरो उपस्थितिले उहाँहरुको योजना नै भताभुङ्ग भयो । जे जे भए तपानि बिलको आमा मप्रति दयालु, उदार हुनुहुन्थ्यो । उहाँले मलाई परिवारमा स्वीकार गर्न निकै कोशिष गर्नुभएको थियो । दुर्भाग्यको कुरा, हामीले एक आपसलाई

नजिकबाट चिन्ने अवसर भने कहिलै पनि पाएनौं । शुरुका दिनहरुमा मैले बिललाई उनको कानूनी पेशामा सहयोग गरें अनि त्यसपछि मैले आफ्नो मातृत्वतिर ध्यान दिन थालें । हाम्रो विवाह भएको दुई बर्ष पछि जेन जन्मियो, जेन जन्मिएको दुई बर्षपछि पावल जन्मियो र त्यही अन्तरालमा मारिया जन्मिइन् ।

मलाई यति बाल-बच्चाहरु भए पछि भइहाल्यो भनेर सोचेको थिएँ । त्यसैले मारिया जन्मेको पाँच बर्षपछि चौथो बच्चा जोनको आगमनको निम्ति म तयारी थिइन । तर जोन जन्मन्दा पनि अरु छोरा-छोरी जन्मन्दा जस्तै आनन्द नै लाग्यो । म एउटा विश्वासयोग्य श्रीमति, माया गर्ने आमा र वास्तवमा उज्ज्वल भविष्य देख्न चाहने स्त्री थिएँ । आउनेवाला दुःख-पीडाको बारेमा सपनामा पनि चिताएको थिइन ।

अध्याय ४
पैसाको पछि लागें

जोन गर्भमा भएको सात महिना हुँदा हाम्रो वैवाहिक जीवन नमीठो भएको मैले पहिलोपल्ट महसुस गरें । बाल-बच्चाहरुलाई लालन-पालन गर्न र बिलको काम फस्टाउँदै जानको निम्ति म समर्पित भएर लागेको थिएँ । नानीहरु उठ्नुभन्दा सखारै बिल काममा गइसकेका हुन्थे र बेलुकी नानीहरु सुतिसकेपछि मात्र उनी घर आइपुग्थे । उनी सातै दिन काम गर्थे । हप्तामा ८० घण्टा भन्दा पनि बढी काम गर्थे । मैले बुझेर नै प्रश्न गर्न चाहिन बरु जे छ त्यस्तै हुँदैजावोस् भनेर नै चुपचाप बसें । तर मैले कतिपनि धनसम्पति र सफलताको तिव्र अभिलाषाले हाम्रो वैवाहिक जीवन र परिवारलाई नै नष्ट पारिरहेको छ भनेर कतिपनि शुरुमा महसुस गर्न सकेको थिइन । समय बित्दैजाँदा बिल आफ्नो बालबच्चाहरुको निम्ति नौलो मानिसझैं भए, भन्नुपर्दा मलाई पनि त्यस्तै लाग्न थाल्यो । उनी धेरै कुरामा एउटा समर्पित बुवा भएतापनि कलिला छोरा-छोरीहरुसँग सम्बन्ध विकास गर्ने महत्वपूर्ण समय चाहिँ उनीसँग हुँदैन थियो । हामीहरुसँग धेरै साथीभाइहरु थिए र हामीले जीवनको सारतत्व सही प्रकारले पत्ता लगाएका छौं भन्ने हामीलाई आभाष भएको थियो । सांसारिक परिभाषाअनुसार हाम्रो जीवन त्यस्तै थियो । हाम्रो विलासी जीवनशैली थियो । हामी सबै कुरा प्राप्त गर्न सक्ने भयौं र पायौं पनि ।

तर ती सबै कुरा हुँदाहुँदै पनि मलाई शुन्यताबोधले एकदिन मलाई नराम्ररी प्रहार गऱ्यो । म सात महिनाको गर्भवति थिएँ, म आफूलाई कुरुप र हेलित महसुस गर्थें । अरु बेला भन्दा म बढी भावुक भएको थिएँ र मलाई त्यसबेला बढी प्रेम र वास्ताको खाँचो परेको थियो । मैले जुन बेलामा प्रेम र वास्ता पाउनुपर्ने थियो, त्यस बेलामा मैले ती कुराहरु पाउन सकिन । र, वैवाहिक जीवन नै अन्त्य गरिदिन्छु भनेर मैले बिचार गरें । अनायासै, यी सबै कुरा झूटा तडकभडक हुन् भन्ने मलाई महसुस भयो

अनि आफ्नो जीवनको सतहीपना एवं व्यर्थताको बोध मैले गरें ।

बिल र म अलग भयौं । कारण थाहा नपाइकन नै हाम्रो वैवाहिक जीवन टुट्न पुग्यो । शुरुमा त्यस्तो नराम्रो त केही भएको थिएन, बिलको काम र पैसाप्रतिको समर्पण सांसारिक फाइदाको निम्ति थियो । तर बाल-बच्चाहरु हुर्काउनु पर्ने म अपरिपक्व आमाचाहिँ तनावभित्र गुज्रिरहेको थिएँ र अस्तित्व नभएको वैवाहिक सम्बन्धको बारेमा मैले अन्ततः बताउनु नै पर्ने भयो ।

म आफूलाई बिलको बढिरहेको कानूनी व्यवसाय र पेशाको निम्ति एउटा सानो हिस्साजस्तो मात्र अनुभव गर्न थालें । रमाइलो पार्टीहरु मनाए तापनि मेरो मनमा निराशा र एकलोपन सुटुक्क छिरिरहेको थियो । जीवन बित्दैगयो । मचाहिँ अति नै निराश भइरहेकै थिएँ ।

घर घर नभएर पैसा तिरेर खाने-बस्ने ठाउँजस्तै लाग्न थाल्यो । म र बिलबीचमा कति पनि कुराकानी हुँदैन थियो । हामीबीच केवल एकअर्कामा देखादेख मात्र हुने गर्दथ्यो । उनीबाट मैले कहिले पनि धन्यवादका शब्दहरु पाउँदिन थिएँ । र मलाई यस्तो लाग्न थाल्यो म घरको नोकर्नी भन्दा केही फरक रहिन छु ।

मैले मनमनै सोचें, "यदि यहाँ वैवाहिक जीवन र परिवार छ भने, त्यस्को मूल्य हुँदैन र ?" मैले आफ्नो आमाबुबाले गर्नुभएको कुरालाई फर्केर हेरें, उहाँहरुले यी सबै कुराहरु आइरहेको देख्नुभएको थियो तर उहाँहरुले कतिपनि हस्तक्षेप गर्नुभएन । उहाँहरुले कहिलै केही पनि बोल्नुभएन । तर उहाँहरुले धेरै प्रकारले सहायता गर्नुहुन्थ्यो । बिल र म घुम्न गएर सँगै समय बिताओस् भनेर उहाँहरु हाम्रो घरमा आएर हाम्रो बाल-बच्चाहरुको रेखदेख गरिदिनु हुन्थ्यो ।

बिल घर छोडेर गएकोमा म खुसी हुन्थे । मेरो निराशाको गहिराइ यतिसम्म भइसकेको थियो । एक आइतवारको रात बिल मण्डलीबाट घर फर्कदा मैले उसको बाटो हेरेर बसिरहें र उसलाई मेरो आफ्नो

निर्णयको बारेमा बताइदिएँ । उनी तीनछक्क परे । हाम्रो सम्बन्धमा के गडबडी भइरहेको छ भनेर उनलाई कति पनि महसुस गरेका थिएनन् । हामीबीच कुराकानी नहुने भएकोले कसरी उनले मसँग कुराकानी गर्न सके होलान् ?

बिलले हाम्रो पारिवारिक सम्बन्ध र परिवारको पुनःर्निमाणमा आफ्नो सम्पूर्ण शक्ति लगाए । हामी मिलेर त्यस कुरामा लागिपर्‍यौं र उदेकरीतिले हाम्रो पारिवारिक जीवनमा सुधार हुँदैगयो । हाम्रो पारिवारिक सम्बन्धमा सुधार आए तापनि त्यसको अवशेषहरु अलिअलि रहेकै थियो,जसलाई पछिल्ला दिनहरुमा समाधान गर्नुपर्ने हुन्थ्यो । मैले ति भयावह दिनहरु फर्केर हेर्दाखेरि प्रभु येशूले "तिमीले परमेश्वर र पैसाको एकसाथमा सेवा गर्न सक्दैनौं" भन्नुभएको कुरा सार्थक लागेको अनुभव गर्दछु ।

हामीले दुवै कुरा गर्ने प्रयास गर्थ्यौं अनि असफल हुन्थ्यौं । विश्वासयोग्य भएर हामी मण्डली जाने गर्दथ्यौं । हाम्रा बालबच्चाहरुलाई विश्वासी बनाएका थियौं र जानेसम्म असल जीवन जिउने प्रयास गरिरहृयौं । तर हरबखत पैसाको ईश्वरले हामीलाई बहकाएर लैजान्थ्यो । अन्तमा, हाम्रो सोचको राज्य चुरचुर भएर जानुपर्‍यो । संसारको कुनै पनि वैभवले हृदयभित्रको चोट र शुन्यतालाई निको पार्न सक्दैन । जसलाई यसको बारेमा थाहा छ, उसबाट यो कुरा बुझ्नुहोस् ।

अध्याय पाँच
येशूसित भेट

पछिल्ला बर्षहरुमा हाम्रो वैवाहिक जीवनमा सुधार ल्याउन हामीले भगिरथ मेहनत गर्‍यौं । हामीहरुले धक्का पाएका थियौं, विशेषगरी बिललाई त्यस्तो भएको थियो । हाम्रो परिवार साह्रै नराम्रो गरी टुक्रिन लागेको थियो र हामी दुवैजना मिलेर आफ्नै निम्ति र बाल-बच्चाहरुको लागि भने पनि वैवाहिक जीवनमा सुधार गर्न भनेर लागिपरेका थियौं । हामीले अझ धेरै काम गर्नुपर्ने रहेछ भनेर हामी दुवैजनाले महसुस गर्‍यौं । त्यसकारण, हामी मिलेर रात्री खानाको लागि बाहिर जान्थ्यौं ।

बिलको पेशा र कानूनी रुचि त्यसबेलासम्म राम्ररी स्थापित भइसकेको थियो । त्यसकारण, उनले आफ्नो परिवारको निम्ति पहिलाभन्दा अझ धेरै समय दिनुपर्ने हुन्थ्यो । हाम्रो बीच कुराकानी हुन थाल्यो, दुःख-सुख आदनप्रदान गर्न थाल्यौं साथै सँगसँगै सपना पनि बुन्न थाल्यौं । हाम्रो सम्बन्धमा भर्खरै विहानी आइरहेको छ जस्तो लाग्दथ्यो । हामी नियमितरुपमा मण्डली गइरहे तापनि हामीले आफ्नै सामर्थमा आफ्नो वैवाहिक सम्बन्धको पुनःस्थापन तथा पुनःर्निमाण गर्ने प्रयास गरिरहृयौं ।

परमेश्वरसँग हाम्रो साँचो सम्बन्ध थिएन अनि उहाँमा हाम्रो सम्पूर्ण जीवन सुम्पनु वा उहाँको अगुवाइ खोजी गर्नु हामीले कुनै पनि आवश्यक्ता देखेनौं ।

मण्डलीमा बर्षौंसम्म गइरहे तापनि येशू प्रभुद्वारा मुक्ति पाइन्छ भनेर मलाई थाहै थिएन । मैले मेरो जीवन तथा मेरो मण्डलीमा केही नपुगेजस्तै सँधै महसुस गर्थें । मण्डलीमा हाम्रो फलरहीतको उपस्थिति र मानवीय सामर्थमा जोड्न खोजिएको ढुँगेनी जीवनले हाम्रो वैवाहिक जीवनमा दोश्रो समस्या ल्यायो । हामीले विवाह गर्दा अँगालेका आदर्शहरु र हामीले पहिलोपल्ट निर्णय गरेका कुराहरुबाट हाम्रो वैवाहिक सम्बन्ध क्रमश खस्किँदै जान थाल्यो । पहिलो वैवाहिक समस्याभन्दा पनि दोश्रो वैवाहिक सम्बन्ध झन विकराल

भएर गयो । वैवाहिक जीवन पुन:र्निमाण असंभव देखिन्थ्यो । हामी एकापसबाट टाढा झन टाढा भइरहको थियौं र हाम्रा बालबच्चाहरु छरपष्ट भएर बिभिन्न मार्गमा, खासगरी नराम्रो मार्गमा लाग्न थालेका थिए ।

त्यस्तो अशान्ति हुँदाहुँदै पनि पवित्र आत्माले हाम्रो जीवनमा काम गर्न थाल्नुभयो । हाम्रो कान्छी छोरी मारियाबाट भएर उहाँले काम गर्न थाल्नुभयो । आइतबारे साँझको सेवाहरुमा म र मारिया नजिकैको क्यारिस्मेटिक एङ्गलिकन मण्डलीमा जान थाल्यौं । त्यहाँ विश्वासीहरुले जोशिलो पाराले गीत गाउँथे अनि सम्पूर्ण सेवा नै सजीव र रौनकपूर्ण हुन्थ्यो ।

आत्माले भरिएर वा अन्य भाषामा गीत गाउनु मण्डलीको मुख्य सेवा रहेछ भन्ने मलाई लाग्थ्यो । मैले आँखा बन्द गरेर त्यहाँ गाइएका गीतहरु सुन्दा स्वर्गीय बाध्यबादनहरु सुनिरहेको छु जस्तो मलाई अनुभूति हुन्थ्यो । त्यो नै मैले जीवनमा कहिले अनुभव नगरेको वा कल्पना नगरेको इसाई जीवनको आयामसँगको मेरो परिचय थियो ।

एउटा सेवामा हामीले अन्तर्राष्ट्रिय फूल गोस्पल बिजनेस् मेन्स इन्टरनेशनल फेलोशिपबाट आएका एकजना अमेरिकन व्यापारीले "नयाँ जन्म" को बारेमा प्रचार गरेको सुनें । अरु एङ्गिलकन झैं मारिया पनि आकर्षित भइन् र नयाँ जन्मको बारेमा अझ जान्न चाहिन् । त्यसैले उनले एउटा पुस्तक किनेर पढिन् र उनले नयाँ जीवनको अनुभव गरी पवित्र आत्माको बप्तिष्मा पनि लिइन् । साँच्चिकै उनको जीवनमा परिवर्तन आयो । उनको जीवनले चमक र खुसी झल्काउँथ्यो । आफूले अनुभव गरेको कुरा नबताई रहन्न थिइन् । सबैभन्दा महत्वपूर्ण कुराचाहिँ उनले हामी सबैजनाको निम्ति प्रार्थना गर्न शुरु गरिन् ।

मारियाको जीवनमा हुनआएको कुरा मैले महसुस गरेको थिएँ र उनको जीवनमा जे भएको थियो, त्यो असल थियो भनेर मैले स्वीकारेको थिएँ । तर मेरो निम्ति भने त्यस्तो अनुभव भएको थिएन ।

अँह, पटक्कै भएको थिएन ।

मेरो जीवन सही कुराबाट टाढा थियो र येशू ख्रीष्टको सेवामा म आफैंलाई पूर्णरुपले अर्पण गर्न सकूँ भनेर मेरा जीवनका केही कुराहरुमा सुधार ल्याउन चाहन्थें । मारिया र

म निरन्तररुपमा मण्डली गइरहृयौं । मेरो वैवाहिक जीवन बिग्रँदै गइरहेको अवस्थामा मैले आत्मिक जीवनमा नयाँ आशा र उद्देश्य पाउन थालिसकेको थिएँ ।

अन्तमा, केही महसुस गर्न सकिने, जीवन परिवर्तन गर्ने कुरा हुन आयो । सायद, ती कुराहरु मेरो जीवनका समस्याहरुको उत्तर हुन सक्दथे । हृयारी ग्रिनवुड नाम गरेका आयरल्याण्डका प्रचारक हाम्रो मण्डलीमा बोल्न आएका थिए अनि मारिया र म उनको रात्री सभाहरुमा उपस्थित भएका थियौं । म ती प्रचारकद्धारा तुरुन्तै प्रभावित भएँ । उनी अति आनन्दित थिए, अति खुसी देखिन्थे, अति स्वतन्त्र पनि । उनी प्रचारकजस्तो मात्र नभएर छुट्टै खालका थिए । उनी ब्रिटिश जल सेनामा हुँदा जँड्याह थिए रे । उनले ख्रीष्टद्धारा मुक्तिको महिमित ज्ञानमा नरकको खाल्डोबाट कसरी निस्किआएँ भन्ने बारेमा जीवन परिवर्तनको साक्षी बताएका थिए ।

ती प्रचारको जीवन मेरो जीवनसँग मेल खाने प्रकारको थियो र उनले भनेका हरेक शब्द म ध्यान दिएर सुन्थें । उनले बिरामीहरुको निम्ति प्रार्थना गरे । मेरो आँखाकै सामुमा आश्चर्यकर्महरु भएको हेर्दै तीनछक्क पर्दै बसिरहें । शनिबारको रात्री सभामा बिललाई हामीसँगै जाऊँ भनेर फकाएका थियौं । स्किइङ खेलेको कारणले हामी दुवैजनासँग घुँडाको समस्या थियो । हामी निको नभएसम्म फर्कन सक्नेछैनौं भनेर ढोका बाहिर निस्कँदा नानीहरुले केही ठट्टा गरेका थिए । त्यहाँ पुग्ने र त्यहाँबाट फर्कने हामी अन्तिम ब्यक्ति थियौं । अन्तमा, हामी र हृयारी ग्रिनवुडमा रहृयौं । उहाँले हाम्रो निम्ति प्रार्थना गरिदिए अनि प्रार्थनाले काम ग-यो !

केही हप्तामै हामी दुवैजना निको भयौं । परमेश्वरले हामीलाई आफूकहाँ ल्याउन शुरु गर्नुभयो । केही दिनसम्म ग्रीनवुडले गर्नुभएको सगंतिका कुराहरुको बारेमा खाना खाने ठाउँमा पनि चर्चा नै भइरहृयो । हृयारी ग्रिनवुड हामी बसेको अकल्याण्ड शहरको दुईघण्टा जति गाडीमा जानुपर्ने दक्षिणी शहर हृयामिल्टनमा सगंति-सभाहरु चलाउन गइसकेका थिए

हामी हृयामिल्टन गएर उनको प्रचार अझै सुन्न सकौं भनेर सन १९७१ को मार्च १० तारिखको दिन विहान तयार भयौं । मैले सोचेको कुरा बिलले सोचेका छन् कि छैनन् भनेर मलाई केही पनि थाहा थिएन । हामीबीच राम्रो कुराकानी नहुने भएकोले को कहाँ जाँदैछ भनेर थाहा थिएन । हामीहरु आ-आफ्नो कारमा चढ्नुअघि गाडी निकाल्ने बाटोमा उभिरहेका थियौं । त्यस बीचमा हाम्रो कुराकानीको थालनी यसरी भयोः

बिलः तिमी कहाँ जाँदैछौ ?
प्याटः हृयामिल्टतिर
बिलः म पनि । तिमी केको निम्ति जाँदैछौ ?
प्याट : हृयारी ग्रिनवुडको सभामा
बिलः म पनि । त्यसो भने हामी सँगै जाऊँ , है त ?

चार जना नानीहरुको साथमा हामी सँगै गयौं । परमेश्वरले हाम्रो अत्यावश्यक घडीमा त्यहींनेर हामीलाई भेटाउनुभयो ।परमेश्वरले आफ्नो बाहुली पसारेर हामीलाई खाल्डाबाट तानेर निकाल्नुअघि हामीलाई निराशाको गहिराइमा पुग्न दिनुहुँदोरहेछ । हामी साहै निराश थियौं । हाम्रो जीवनले हामीलाई नै चुरचुर पारेर तोडिरेको थियो र आयरल्याण्डबाट आएका प्रचारकले बोलेको सन्देशले मात्र हामीलाई सहायता पुग्न सक्छ भन्ने हामीलाई अनुभूति भइरहेको थियो । हामी अगाडि बसेका थियौं,बिल स्वयमले आफू चर्गाई पाएको हेर्न चाहन्थे । आज पनि यति छर्लङ्ग याद छ पावलबाहेक हामी सबैजना लामबद्ध भएर बसेका थियौं । पावलचाहिँ मेरो अगाडि उभिरहेको थियो ।

भजन-गीतहरु उल्लसित र सजीव थिए । हृयारीले बोलेका सन्देश साधारण थियो तर चर्गाइ कार्यहरु भने अद्भुत र विश्वास-निर्माण गर्नेखालका थिए । सबै भइसकेपछि, हृयारीले प्रत्येक ब्यक्तिलाई आँखाहरु बन्द गरेर शिर निहुराउन लगाए । त्यसपछि, सबैलाई आ-आफ्नो जीवन खीष्टमा अर्पण गर्न र समर्पणता जाहेर गर्न सबैलाई हात उठाउन चुनौती दिए ।

मैले पुलुक्क हेर्दा पावलले माथि हात उठाएको देखें । यदि यो कुरा उसको लागि असल हो भने मेरो निम्ति पनि असलै हो भनेर मैलें बिचार गरें । बिल,जेन र जोनले

पनि हामीले गरेजस्तै गर्दैछन् भनेर मलाई हेक्का भएन । मारियाले खीष्टमा विश्वास गरेको छ महिनापछि हाम्रा सबै परिवार मारिया हिँडेको मार्गमा लाग्यौं । हामीलाई हुर्काउने कामहरु भए र पवित्र आत्माको बप्तिष्माको निम्ति विश्वासीजनहरुले हाम्रो निम्ति प्रार्थना गरिदिन थाले । मैले केहीपश्चात नै अन्यभाषामा बोलें र दशकौंदेखि मनाउँदै आएको धार्मिक अनुष्ठानबाट करिब मुक्ति पाइसकेका थियौं । नबुझ्ने भाषाका शब्दहरु मेरो मुखमा मेशिन गन पड्केजस्तो गरी लामो र चर्को स्वरमा निस्कन्थ्यो ।

बिल र अन्य तीनजनाले पनि पवित्र आत्माको बप्तिष्मा पाए । परमेश्वरले प्रार्थनाको उत्तर शक्तिको साथ सुन्नु भएको कुराले अवाक भएर मारियाले गहभरि आँसु पारेर एकछेउबाट हेरिरहेकी थिइन् । त्यो सामान्य निर्णयले हाम्रो जीवनलाई परिवर्तन गरिदियो । हाम्रो वैवाहिक जीवनमा निमेषमै आश्चर्यरीतिले सुधार आयो । हाम्रो घरमा शान्तिले वास गऱ्यो । साँचोरुपमा भन्नुपर्दा एकैरातमा हाम्रो सोच भावना,जीवनशैली र अपेक्षाहरुमा परिवर्तन आयो ।

हामीबीच कुराकानी हुनथाल्यो किनभने हाम्रो जीवनमा घटेको उमङ्गको कुरा एकआपसमा गर्न चाहन्थ्यौं । हाम्रो मण्डलीको जीवन जीवन्त भएर आयो । हाम्रो पारिवारिक जीवन पनि स्फुर्ति आयो । हामीले सँगै संगीत, अध्ययन र सिकाइको निम्ति एउटा नयाँ संसार पत्ता लायौं ।

हामीले प्रार्थनाको उत्तरको आशा राख्थ्यौं र ती हुन आउथें । हामीले खोक्रो प्रार्थना मात्र गर्दैन थियौं । परमेश्वरले ल्याउन खोज्नुभएको परिवर्तनमा कुनै सीमा नै हुन्न । पुरानो जीवन सजिलैसँग काँचुली फेरिएझैं भयो । हामी त्यसपछि कहिलेपनि सांसारिक रमाइलोमा गएनौं, हामीले व्यापारिक सम्पर्क बढाउने र सामाजिक भऱ्याङ्ग चढ्ने उद्देश्यले समारोहतिर जाने कार्य छोड्यौं । त्यस समयमा हाम्रा धेरैजसो पुराना र मित्रहरुले हामीलाई छोडे तर उनीहरुको साटोमा हामीलाई प्रेम गर्ने र वास्ता गर्ने मानिसहरु पायौं ।

वास्तवमा, हामी जहाँ गए तपानि इसाईहरुसँग भेट भइहाल्थ्यो । हाम्रोजस्तो अनुभव र आनन्द बाँड्ने विशाल सँख्यामा मानिसहरु भेटिन्थ्यो । परमेश्वरको विश्वव्यापी

परिवारको एउटा अंशको रुपमा हामी पनि घुलमिल भइहाल्थ्यौं ।

मेरो जीवनमा नवीन शैली र सोचबिचारहरु प्रस्फुटन हुँदै गए । ती कुराहरु मैले विगतमा अनुभव गरेको भन्दा एकदमै फरक थिए। बाइबल अध्ययन पनि जीवन्त हुँदै गयो र अरु मानिसहरु मजस्तै परिवर्तन हुन सकून् भनेर उनीहरुलाई बताइ हाल्थें । पवित्र आत्माले मलाई धेरै पहिलादेखिनै आत्मा बचाउने सु-समाचार कार्यको निम्ति खिचिरहनु भएको थियो ।

मेरा पहिलाका प्रयासहरु निरर्थक भएको हुँदा म अहिले आफ्नो विश्वास जोश तथा उमङ्गको साथमा बताउन सक्षम भएँ । परमेश्वरलाई धन्यबाद होस्, बिलमा पनि त्यस्तैखालको अनुभव भइरहेको थियो । अन्तमा, म सानो हुँदा भित्तामा लेखिएको कुरा के रहेछ भनेर बुझ्न थालें । अन्तमा, मैले "दाज्यु-भाइहरुभन्दा नजिक रहने साँचो मित्र" पाएँ, उहाँ हुनुहुन्थ्यो येशू प्रभु । यसरी मेरो साँचो जीवनको शुरुवात भयो ।

परमेश्वरको सेवा गर्नको निम्ति मभित्र झन ठूलो इच्छा र आगो दन्किरहेको थियो । मानिसहरु प्रभुमा बाँचून् भनेर म आफ्नो घरमा प्रार्थना संगति शुरु गर्न चाहन्थें । मैले यो कुरा राख्दाखेरि उनले तुरुन्तै स्वीकार गरिहाले । पहिलो हप्तामा ६ जना मानिसहरु आए भने केही समय पछि नै हप्तामा १०० भन्दा बढीहरु मानिसहरु प्रार्थना संगतिमा आउन थाले । आठ बर्षभित्रमा विश्वासीहरुको सँख्या बढेर गयो र हजारौं मानिसहरु प्रार्थना सभाद्वारा प्रभुमा बाँचे, निको भए र छुट्कारा पाए । त्यस बेला म पनि दिदी-बहिनीहरुको सेवाकाईमा उत्रिई सकेको थिएँ ।

अध्याय ६

दिदीबहिनीहरुको सेवाकाइ

दिदीबहिनीहरुलाई सिकाउनको निम्ति दिदीबहिनीहरुको निम्ति सिकाउने अवसरहरु असँख्य छन् । मेरो श्रीमान सेवामा साथ दिन मैले कस्तो भूमिका खेल्नुपर्ने रहेछ भनेर थाहा गर्न मलाई धेरै बर्ष लाग्यो । म उहाँको कमसेकम सहकर्मी हुनुपर्छ भनेर सोच्ने गर्दथें तर हामी बाहिर मूलुकको एकदिने यात्रा सिध्याएर हवाइजहाजबाट न्यूजिल्याण्ड फर्कैंदा गर्दा परमेश्वरले एउटा प्रकाश दिनुभयो, जसले गर्दा जीवनको दर्शन नै पूर्णरुपमा परिवर्तन गरिदियो । दर्शन जस्तो मकहाँ आएको थियो, मैले त्यस्तै लेखेकी छु । त्योचाहिँ यस्तो थियोः

"तिमी तिम्रो श्रीमानको सेवाकाईको भाग होइनौं, तर टेवा हौ । तयारी हौ, खोज र तिमीले मेरो नाममा प्रयोग गर्न तिमीलाई आवश्यक परेका कुराहरु लेख । तिमीले कल्पना गरेकोभन्दा फरक प्रकारले तिमीले सेवा गर्नेछौ । त्यसकारण, मैले तिमीलाई दिदीबहिनीहरुको बीचमा असाधारण सेवाको निम्ति बोलाइरहेको छु । प्रत्येक क्षेत्रमा तयार भएर बस । मैले पहिले कहिले बोलावट नदिएका स्त्रीहरुलाई आज बोलाएको छु । शुरुका मण्डलीको संसारभन्दा आजको संसार एकदमै भिन्न छ । दिदीबहिनीहरु अझै गतिशिल हुनुपर्छ, उनीहरुले विश्वास गरेको कुरामा स्पष्टवादी हुनुपर्छ । यी नै हुन् तिनीहरुको भूमिका । खोज र मेरो दृष्टिमा अनमोल ठहरिएका दिदी-बहिनीहरुको निम्ति मेरो उद्देश्य प्रकट गर्न तिमीसँग जे जे उपलब्ध छ,त्यस कुराको प्रयोग गर । उनीहरुले महत्वपूर्ण भुमिका खेलून्, साहसी बनून् र सही उद्देश्य राखून् भन्ने हेतुले तिनीहरुलाई सिकाऊ अनि अर्ति देऊ ।"

बिलको सेवाकाइमा मैले प्रतिस्पर्धा गर्नुहुँदैन भनेर यो बचनबाट थाहा पाएँ । अहिले दिदीबहिनीहरुलाई एकत्र गर्ने काम म एक्लैले गरिरहेको छु । तापनि धेरैपटक हाम्रो सेवाकाइहरुमा एक-आपसमा सहयोग गरिरहेका छौं । यी बर्षहरुमा मेरा श्रीमान बिल न्यूजिल्याण्डभरिको सेवाहरुमा सहभागी भइरहनुभएको छ भने उहाँसँग प्रायः यात्रामा जाने गर्दछु । शुरुमा उहाँसँग के गर्ने भनेर मलाई थाहा थिएन अनि निराशा बोकेर उनलाई पछ्याउँदै होटेलमा चार रात बिताएँ । त्यसैले, अहिले बिलले सभा संचालन गर्दै गरेको बेलामा म पनि दिदीबहिनीहरुको सँगति संचालन गरेर उनीहरुको बीचमा सेवाकाइ गर्दछु । र, बिलको सेवाकाइसँग मेरो सेवाकाइ यसरी मिल्न गयो ।

मेरो एउटा सभामा मेरा चारैजना छोराछोरीहरु सहभागी भएका थिए । तपाइलें आफ्नो छोराछोरीको साथमा सेवा गर्नुपाउनु भनेको सबैभन्दा ठूलो अवसर र खुसीको कुरा हो । बालबालिकाहरुले र उनीहरुको सन्तानले येशू प्रभुलाई निरन्तररुपमा पहिलो स्थान दिऊन् भनेर मेरो प्रार्थना छ । म र मैले प्रेम गर्नेहरुप्रति परमेश्वरको अतुलनीय प्रेम र अनुग्रहको निम्ति उहाँलाई धन्यवाद भएको होस् । परमेश्वरले गर्नुभएको र गर्न लागिराख्नु भएको महान कार्यको निम्ति उहाँलाई महिमा भएको होस् ।

अध्याय ७

तपाई नि ?

बाइबलले भन्दछ, हामीले हाम्रो जीवन पूर्णरुपले येशूलाई दियौं भने पवित्र आत्मा हामीभित्र बास गर्नुहुन्छ । पवित्र आत्मा महान शक्ति हुनुहुन्छ । र सबै विश्वासीहरुले पवित्र आत्माको अभिषेकको अनुभव गर्न सक्दछन् । योचाहिँ हामी भित्रको परमेश्वरको प्रत्यक्ष उपस्थिति हो । हामीले प्रायः गरी तापको रुपमा वा वास्तविक शक्तिको रुपमा अनुभव गर्दछौं अनि उहाँले कुनै डरबिना नै अरुहरुलाई उहाँको बारेमा बताउन हामीलाई सामर्थ प्रदान गर्नुहुन्छ । यसरी नै शुरुका मण्डलीहरु बढ्दै गएका थिए ।

अर्को कुरा, हामीलाई पछ्याइरहयौं भने उहाँले हामीलाई कहिल्यै पनि नछोड्ने र नत्याग्ने प्रतिज्ञा गर्नुभएको छ । हामीभित्र रहनुभएको पवित्र आत्माको शक्तिले हामी बिरामीहरुको निम्ति प्रार्थना गर्न, भूतहरु धपाउन र महान आश्चर्यकर्म देख्न सक्दछौं । म हरेक दिन बाइबल अध्ययन गर्ने गर्दछु र परमेश्वरले हरेक पल्ट मलाई केही न केही नयाँ कुरा प्रकट गरेकै हुनुहुन्छ ।

जब बिल र मैले हाम्रो परिवार र अरु मानिसहरुको निम्ति हरेक दिन प्रार्थना गर्दछौं, हाम्रो प्रार्थनाको सुनुवाई भएको हामीले पाएका छौं । परमेश्वर सत्य हुनुहुन्छ । बाइबलले भन्दछ, न धेरै ज्ञानी मानिसहरु, न त धेरै उच्चकूलका मानिसहरु, न त शक्तिशाली मानिसहरु परमेश्वरको राज्यको हकदार हुनसक्छ । यदि हामी परमेश्वरको राज्यमा पस्न चाहन्छौं भने हामी सानो बच्चाहरुझैं हुनुपर्छ र आफैलाई परमेश्वरमा सुम्पनु पर्दछ ।

मुख्यकुरो अहिले नै आफ्नो जीवनमा उहाँमा समर्पण गरेर हामी उहाँको राज्यमा प्रवेश गर्न पाउने छौं । **येशू खीष्टद्वारा मेरो परमेश्वरसँगको व्यक्तिगत सम्बन्ध रहेको छ र परमेश्वर मलाई वास्ता गर्नुहुने मेरो स्वर्गीय पिता हुनुहुन्छ अनि दुःखको घडिमा म उहाँकहाँ जान सक्छु भनेर मैले उहाँलाई चिनेको छु ।**

म किन खीष्टियान भएँ भनेर भन्न चाहेको कुरा यहि नै हो । येशू खीष्टद्वारा धर्मपुत्रीको अधिकार पाएर म अहिले परमेश्वरको सन्तान भएको छु । विश्वासी भएको कारण उहाँले मभित्र वास गर्न पवित्र आत्मा पठाउनु भएको छ र उहाँको उपस्थिति म सँधै थाहा गर्दछु । येशू प्रभुले हामीभित्र बास गर्न र हाम्रो निम्ति सहायकको रुपमा पवित्र आत्मा पठाउँछु भनेर प्रतिज्ञा गर्नुभएको छ । र पवित्र आत्मा साँच्चिकै हाम्रो सहायक हुनुहुन्छ ।

प्रभु येशूलाई आफ्नो जीवनको मुक्तिदाताको रुपमा स्वीकार गर्न तयार मानिसहरु सबैलाई परमेश्वरले विशेष अधिकार समानरुपमा दिनुभएको छ ।

असल मानिस भएर स्वर्ग गइँदैन । हाम्रा असल कार्यले हामीलाई स्वर्ग पुऱ्याउँदैन । परमेश्वरमा हामीले गरेको विश्वासको मात्र महत्व हुन्छ । यदि असल कार्यले हामीलाई स्वर्गमा पुऱ्याउने हो भने येशू प्रभुको आवश्यकता नै पर्दैनथियो, परमेश्वरको पुत्रले कुटाइ खानु, रगतपच्छे हुनु, कोर्रा खानु, गिल्ला गरिनु र क्रूशमा मर्न पर्दैनथियो ।

परमेश्वरको थुमाको रुपमा येशूले हाम्रो सम्पूर्ण पाप आफैमा लिनुभयो र उहाँलाई विश्वासगर्ने जतिलाई अनन्त जीवन दिनुभयो । अनन्त जीवन परमेश्वरको उपहार हो । हामीले मुक्ति कमाउन सक्दैनौं । मुक्ति परमेश्वरको सामु पापको स्वीकार गरेर, उहाँको सन्मुखमा विनय भएर, र जीवनको मालिक हुन उहाँलाई स्वीकार गरेर पाउन सक्छौं ।

येशू खीष्ट मृत्युबाट तेश्रो दिनमा बौरी उठ्नुभयो र उहाँले हामीसँग हुन भनेर पवित्र आत्मा पठाउनुभयो । यदि हामीले परमेश्वरमा समर्पण गर्न आफैलाई तयार गऱ्यौं भने तपाईले आफ्नो जीवनमा परमेश्वरको उपस्थिति थाहा गर्नुहुनेछ । येशू खीष्टद्वारा मात्र परमेश्वरसम्म पुग्न

सकिन्छ । उहाँ नै बाटो, सत्य र जीवन हुनुहुन्छ । यदि आज राति नै तपाई मर्नुभयो भने तपाई कहाँ जानुहुन्छ ? स्वर्ग कि नरक ? हामीले स्वास-प्रश्वास गर्दा लिएको हावा पनि परमेश्वरले दिनुभएको हो । तर हाम्रो जीवन बाफजस्तै हो जो पलभरमा उँडेरजान्छ । के तपाई मर्न तयार हुनुहुन्छ ? मेरो आत्माले मृत्युको समयमा यो शरीरलाई छोडेर जान्छ, म मेरोसाथमा केही पनि लान सक्दिन । म यस संसारमा नाङ्गै आएँ, र नाङ्गै जान्छु । मैले यस संसारमा धनसम्पति र बालबच्चाहरु सबै छोडेर जानुपर्छ ।

मैले छोड्न सक्ने एकमात्र उत्तराधिकार भनेको नै "आत्मिक सन्तानहरु" हुन्, जसलाई मैले प्रभुमा डोऱ्याएको हुन्छु अनि जोहरु परमेश्वरको आत्माबाट जन्मेको भएर परमेश्वरको सम्मुखमा साँचो पवित्रतामा हिँड्छन् । उनीहरु पनि स्वर्गको राज्यमा प्रवेश गर्ने मौका पाउनेछन् । हामीले प्राःय गरी गुमाउने सामान्य कुरा यही नै हो ।

यदि आफ्नो जीवन येशू खीष्टमा सुम्पेर पवित्र आत्माद्वारा नयाँ गरी जन्मन चाहनुहुन्छ भने, कृपया घुँडा टेकेर यो प्रार्थना गर्नुहोस् :

"स्वर्गमा बस्नुहुने प्यारो परमेश्वर पिता, म तपाईंको पुत्र येशू खीष्टको नाउँमा आउँदछु । म मेरो सम्पूर्ण पापहरु मानिलिन्छु । तपाईंले पुत्र येशू खीष्ट यस संसारमा मर्न पठाउनु भएको कुरामा म विश्वास गर्दछु, क्रुशको मृत्यु मेरो सम्पूर्ण पापको ऋण तिर्नको लागि र अनन्त जीवन दिनको निम्ति थियो । येशू खीष्ट तेश्रो दिनमा मृत्युबाट बौरी उठ्नुभयो, अनि स्वर्गमा उचालिनुभयो, र परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ । येशू खीष्ट अहिले म तपाईंकहाँ फर्कन चाहन्छु । म सबै पापहरुबाट फर्कछु र तपाईंलाई मेरो प्रभु र मुक्तिदाता भनेर स्वीकार गर्दछु । धन्यवाद प्रभु, मलाई बचाउनुभएको लागि ।"

यदि तपाईले यो प्रार्थना विश्वासको साथ गर्नुभएको छ भने परमेश्वरले यसको जबाफ दिनुहुन्छ । पवित्र बाइबल धर्मशास्त्रमा विश्वास गर्ने मण्डलीमा तपाईं जानुहोस् । प्रत्येक दिन बाइबल अध्ययन गर्नुहोस् । सम्भव भएसम्म चाँडै बप्तिष्मा लिनुहोस् । तपाईंले पवित्र आत्माको बप्तिष्मा र अन्य भाषाको चाहना राख्नुहोस् । यसो गर्नुभएमा तपाईंले आफ्नो विश्वास अरुहरुलाई बताउन शक्ति पाउनुहुनेछ । साथै, बिरामीहरुलाई चँगाइ गर्ने र भूत आत्माहरु धपाउने शक्ति पाउनुहुनेछ । तपाईंले पवित्र आत्माको शक्ति थाहा पाउनुहुनेछ र जीवनभरि तपाईंले उहाँको प्रेमले भरिरहने छ ।

डभ मिनिष्ट्रीज
पोस्ट बक्स ४८०३६
ब्लकहाउस बे,
अकल्याण्ड ०६४४,
न्यूजिल्याण्ड
Email:
dove@ doveministries.com
www. Doveministries.com